भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सूचना नं.:- २०७९/८०/...१६......

**हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः- २०७९/०७/२२**

प्रस्तुत विषयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७९/८०को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने संघीय सरकारबाट हस्तान्तरित संघ विशेष अनुदान कार्यक्रमहरुतर्फ ***हरेक घर दश फलफूल विरुवा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी वदाम) विरुवाहरु वितरण कार्यक्रम***मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने ***भूमे गाउँपालिका भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु***ले तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी ***यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७९/०८/०७ गते)भित्र*** कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खावाङ्ग बगर, रुकुम (पूर्व) तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपशिलः
पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. हरेक घर दश फलफूल विरुवा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी वदाम) विरुवाहरु वितरण कार्यक्रमका लागिः

- कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी वदाम) विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धमा निवेदन र छाप ।
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा गत आ.व.२०७८/७९को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा गत आ.व.२०७८/७९को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपी।

..............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

..............................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत (छैटौं)

सम्पर्कका लागिः
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६,
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५,
२. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५,

*पुनश्चः*

- ***व्यक्तिगत कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमाः-***
- ***हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी वदाम) विरुवाहरु वितरण कार्यक्रमतर्फः-*** *प्रत्येक हिउँदे फलफूल विरुवाहरु १० वटा भन्दा बढी माग गर्नुपर्नेछ ।*
- *उल्लेखित हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी वदाम) विरुवाहरु माग सम्बन्धमा निवेदनको ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलय, कृषि सेवा केन्द्र, खावाङ्ग बगर, रुकुम (पूर्व), सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्व)को वेवसाईट www.bhumemun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।*